मुगुम कार्मारोङ गाउँपालिकाद्वारा प्रकाशित

# मुगुम कार्मारोङ राजपत्र

खण्ड : ४, संख्या : २, मिति : २०७७/११/९

भाग – १

## स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन-२०७७

**गाउँ सभाबाट पारित मिति : २०७७/११/९**
**प्रमाणिकरण र प्रकाशन मिति : २०७७/११/९**

**प्रस्तावना**

स्थानीय तहमा आधारभुत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको प्रमुख जिम्मेवारी रही आएको र स्वास्थ्य जनताको मौलिक हकको रुपमा स्थापित भई गाउँपालिकाले सम्पादन गर्नुपर्ने संबिधानको बृस्तृतिकरणमा उल्लेख भएका कार्यहरु सम्पादन गर्न स्पष्ट कानुनी व्यवस्था गर्नपर्ने भएकोले, “नेपालको संविधान २०७२ को धारा २२६ अनुसारको अधिकारहरुलाई कार्यान्वयन गर्न मुगुम कार्मारोङको गाउँसभाले स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ मा जारी गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१ संक्षिप्त नाम, र प्रारम्भः**

(क) यस ऐनलाई ‘‘मुगुम कार्मारोङ स्वास्थ्य तथा सरसफाई ऐन, २०७७’’ भनिने छ ।

(ख) यो ऐनगाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **“ऐन”** भन्नाले मुगुम कार्मारोङको स्वास्थ्य ऐन, २०७७ लाई सम्झनु पर्दछ ।

(ख) **“संघीय ऐन”** भन्नाले संघीय संसदले बनाएको स्वास्थ्य सम्बन्धी ऐनलाई बुझ्नु पर्दछ ।

(ग) **“कार्यपालिका”** भन्नाले मुगुम कार्मारोङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) **“गाँउपालिका” भन्नाले** मुगुम कार्मारोङ गाँउपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **“सामुदायिक वा गैरसरकारी स्वास्थ्य संस्था”** भन्नाले सामुदायिक स्वामित्वमा, ट्रष्ट,लोककल्याणकारी संस्थाहरु तथा गैरनाफामुलक गैरसरकारी लगानी तथा स्वामित्वमासञ्चालन भएका स्वास्थ्य सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(च) **“सरकारी स्वास्थ्य संस्था”** भन्नाले सरकारी स्वामित्वमा संञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) **“निजी स्वास्थ्य संस्था”** भन्नाले निजि क्षेत्रबाट निश्चित नाफाको समेत उद्देश्य राखी संचालित स्वास्थ्य सेवाप्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(ज) **“स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति”** भन्नाले दफा ७ अनुसार गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा गठित स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(झ) **“स्वास्थ्य व्यवस्थापन समिति”** भन्नाले दफा ५ अन्तर्गत गठित गाउँपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीलाई सम्झनु पर्दछ ।

(ञ) **“स्वास्थ्य संस्था”** भन्नाले सरकारी तथा निजी स्तरवाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, निजीपोलिक्लिनिक, क्लिनिक, डाइग्नोस्टिक सेन्टर तथा स्वास्थ्य सम्बन्धि काम गर्ने सम्पुर्णसंस्थाहरुलाई सम्झनु पर्दछ ।

(ट) **“स्वास्थ्य सेवा”** भन्नाले आधुनक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमीयोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, योग, फिजियोथेरापी, अकुपन्चर, आम्ची, चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रबर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (पालिएटिभ) सेवा सम्झनु पर्छ ।

(ठ) **"आकस्मिक स्वास्थ्य सेवा"** भन्नाले आकस्मिक घटना वा आपतकालिन अवस्था परी जीवनजोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्गभङ्गबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल दिईने स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ड) **"आधारभुत स्वास्थ्य सेवा"** भन्नाले आधारभुत स्वास्थ्य सेवा ऐन, २०७५ ले अंगिकृत गरेको आम नागरिकको स्वास्थ्य आवश्यकता पुर्तिका लागी राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवालाई सम्झनु पर्छ ।

(ढ) **'प्रजनन स्वास्थ्य'** भन्नाले मानिसका प्रजनन प्रणाली, प्रजनन अंगहरुको स्वास्थ्य, प्रजनन र यौन सम्बन्धी सम्पुर्ण विषयहरु भन्ने जनाउँछ ।

(ण) **"पुर्ण खोप सेवा"** भन्नाले नेपाल सरकारको पोटोकल अनुसार दिईने सम्पुर्ण खोपलाई नै पुर्णखोप सेवा बुझिने छ ।

(त) **"सेवा प्रदायक"** भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका बिषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

## परिच्छेद–२

## आधारभुत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरूख :**

**(क) सरकारी वा सामुदायिक:** सरकारी तथा सामुदायिक स्वामित्वमा संञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयुर्वेद केन्द्रहरु, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा (ईकाइ) प्रदायक निकाय हुनेछन् ।

**(ख) निजी :** निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थ :** ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको परिभाष र आधारभूत मापदण्ड :** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभुत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५. स्वास्थ्य व्यवस्थापन समिति सम्बन्धि व्यवस्था

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न देहाय बमोजिम स्थानीय स्वास्थ्य व्यवस्थापन समितिको गठन गरिने छ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग) सामाजिक बिकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(छ) कार्यपालिका सदस्यहरु मध्येवाट गाउँपालिका अध्यक्षले तोकेको १ जना महिला सहित २ जना - सदस्य

(ज) स्वास्थ्य क्षेत्रका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी गाउँपालिका अध्यक्षले तोकेको १ जना - सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैह सरकारी संस्था तथा नीजि क्षेत्रको प्रतिनिधीत्व हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

## ६. स्वास्थ्य व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

(क) गाउँपालिकामा स्वास्थ्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तजुमा, तयार, कार्यान्वयन तथा अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(ख) गाउँपालिकाक्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी सामाजिक बिकास समितिमा आवश्यक राय प्रदान र सिफारिस गर्ने ।

(ग) स्वास्थ्य संस्था संस्था संचालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने र अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सुची अद्यावधिक तथा प्रकाशन, गाउँपालिका स्तरीय स्वास्थ्यको प्रोफाईल तयार गर्ने ।

(च) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(छ) सामाजिक बिकास समिती मार्फत गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(ज) लागु पदार्थ, सुर्तिजन्य पदार्थ र मदिरा नियन्त्रणका लागी गाउपालिका स्तरको कार्ययोजना बनाउने ।

(झ) सबै स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिती मार्फत औषधी तथा उपकणको अध्यावधिक गरी बैज्ञानिक बिधिद्वारा (अधिकतम माग बिन्दुल र न्युनतम मौज्दात) प्रक्षेपित योजना तयार गरि खरिद योजना सहित खरिद समितीमा पेश गर्ने ।

(ञ) सबै स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिती मार्फत सुचना लिने र अन्य आवश्यक स्थानहरुमा महामारी नियन्त्रणको योजनार जोखिम अवस्थाको पहिचान गरि गाउँपालिका स्तरीय महामारी नियन्त्रणको योजना बनाई बार्षिक कार्ययोजनामा समाबेश गर्ने ।

(ज) कार्यपालिका र सामाजिक बिकास समितीले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**७. स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) स्वास्थ्य चौकी व्यवस्थापनका लागि हरेक स्वास्थ्य संस्थामा गाउँपालिकाको अध्यक्ष संरक्षक रहने गरि देहाय बमोजिमको स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति गठन गरिने छ ।

(क) सम्वन्धित वडाका वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट १ जना– उपाध्यक्ष

(ग) स्वास्थ्य चौकी रहेको क्षेत्रको बिद्यालयका प्रमुख/प्राचार्य मध्येबाट १ जना महिला सदस्य

(घ) स्थानिय व्यापार संघको प्रतिनिधि १ जना – सदस्य

(ङ) वडा समितीबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वंय सेबिकाहरु मध्येबाट १ जना – सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव/अधिकृत – सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख – सदस्य सचिव्

(२) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका काम, कर्तब्य र अधिकार निम्नानुसार हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक कार्ययोजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित (मासिक) बैंठक गर्ने, बैठकमा स्वास्थ्य संस्थामा आइपरे समस्याहरु, मासिक प्रगति बिवरण (कार्यहरुर सुचाङ्क) र अन्य समस्याहरुको

समाधानका लागि मासिक, त्रैमासिक, अर्धवार्षिक र बार्षिक कार्ययोजना निमार्ण गर्ने र सोही अनुरुप श्रोत व्यवस्थापन र सरोकारवालाहरु सँगसमन्वय गर्ने ।

(ग) मासिक, त्रैमासिक, अर्धबाषिक र बार्षिक समिक्षा, सामाजिक परीक्षण, नागरिक वडा पत्र, सुझाब पेटिका, कण्डम बक्स र सेवाग्राहि सन्तुष्टि फारम भर्ने जस्ता स्वास्थ्य सुशासन सुधारका औजारहरु प्रयोगमा ल्याउने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी रुपमा परिचालनको लागि तथ्याङ्कमा आधारित भएर योजना सहित सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य शिविरहरु, घुम्ति शिविरहरु राख्न र बृद्धबृद्धा, अति अशक्त, अति अपाङ्ग, तेश्रो र चौथो गर्भ जाँच, दोश्रो र तेश्रो सुत्केरी जाँच गर्न स्वास्थ्यकर्मीहरुलाई घरदैलोमै गएर सेवा दिने वातावरण बनाउन गाउँपालिकामा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) स्वास्थ्यमा न्युन प्रगति देखिएका सुचकहरुलाई प्रगति तर्फ लैजान मासिक बैठकमा त्यसको छलफल गर्ने र कार्ययोजना बनाई, गाउँपालिका, सरोकारबालाहरु र दातृ निकायहरुसँग समन्वय गर्ने ।

(छ) स्वास्थ्य संस्थामा रहेको औषधी तथा उपकरण र जिन्सी सामाग्रीको रेखदेख तथा संरक्षण गर्ने ।

(ज) स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीको संघिय निर्देशिकामा उल्लेखित भए अनुसारको अन्य जिम्मेबारीहरु र गाउँपालिका स्तरिय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

(झ) स्वास्थ्य संस्थामा हुने गरेको र भईरहेको कार्यहरुको अनुगमन, मुल्याङ्कन तथा सुपरिबेक्षण गर्ने ।

(ञ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक, समन्वय, सहयोग र व्यवस्थापन गर्ने ।

**८. बैंक खाता संचालन** : हरेक स्वास्थ्य संस्थाको आफ्नै छुट्टै बैंक खाता हुनुपर्नेछ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हनेछ ।

## परिच्छेद–३
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**९. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

**(१) अस्पताल :** गाउँपालिका आफैले संघिय मापदण्डमा तोकिय बमोजिम १५ शैयासम्म क्षमताको अस्पताल संञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल संञ्चालन नियमावली तर्जुमा गरी संञ्चालन गर्नेछ ।

**१०. निजी क्षेत्रले अस्पातल संचालन गर्न सक्ने :**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संञ्चालन गर्न चाहाने संस्था वा व्यक्तिले तोकिएको मापदण्ड पुरा गरी आएमा १५ शैया सम्मको संञ्चालन अनुमती गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य व्यवस्थापन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय-पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले दुई बर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको मापदण्ड पुरा गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरोठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन ।

(८) गाउँपालिकाले गाउँपालिकाक्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन कार्यविधी बनाई अनुगमन गर्न सक्नेछ ।

**११. अस्पताल सञ्चालन सम्बन्धि आवश्यक मापदण्ड :**

गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्ने छ ।

(क) जनशक्ति : कम्तीमा २ जना एमबिबिएस डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा १ जनाल्याव टेक्निसियन, ४ जना हेल्थ असिष्टेण्ट, ४ जना अ.हे.व., ४ जना अ.न.मी र ४ जना कार्यालय सहयोगी तथा १ जना स्विपर ।

(ख) भवन तथा कोठा : दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, बिरामी प्रतिक्षालय वा कक्ष, भर्ना भएका विरामीराख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, फार्मेसी हुनुपर्ने ।

(ग) उपकरण र पुर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड रलाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापन प्रणाली भएको हुनुपर्नेछ ।

(घ) गाउँपालिकाले आवश्यकता अनुसार थप मापदण्ड तोकी लागु गर्न सक्नेछ ।

**१२. पोलिक्लिनिक सञ्चालनको अनुमती**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संञ्चालन गर्न चाहेमा संघिय सरकारले तोकेको मापदण्ड पुरा गरीएको सुनिश्चित गरि स्वीकृती दिनुपर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, अन्य सम्पुर्ण जनशक्तिको बिवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उक्त निवेदन माथी गाउँकार्यपालिकाले अध्ययन तथा बिश्लेषण गरि सेवा संञ्चालनको अनुमति दिन सक्नेछ ।

**१३. प्रयोगशाला सेवा संचालन :**

(१) व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला संञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(क) संञ्चालकको विवरण (प्रयोगशाला सम्बन्धि न्युनतम ३ वर्ष अध्ययन गरेको र सम्बन्धित काउन्सिलमा दर्त्ता भएको) र नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ख) प्रयोगशाला संञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात (घरधनीसंगको सम्झौता पत्र)

(ग) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्युनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र (संञ्चालक वाहेक अन्य जनशक्तिको हकमा)

(घ) प्रयोगशालामा उपलब्ध हुने परीक्षणको प्रकार (संघिय सरकारले तोके बमोजिमको तह अनुसार)

(ङ) प्रयोगशालामा प्रयोग हुने न्युनतम उपकरणहरुको विवरण (संघिय सरकारले तोके बमोजिमको तह अनुसार)

**१४. फार्मेसी संञ्चालन अनुमती :**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) फार्मेसी शिक्षा प्राप्त र सम्बन्धित काउन्सिलमा दर्त्ता भएको व्यक्ति संञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान (घरधनी संगको सम्झौता पत्र), विक्री वितरण गर्ने औषधीका प्रकारहरु(संघिय

सरकारले तोके बमोजिमको तह अनुसार) र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहा यक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र र सम्बन्धित काउन्सिलमा दर्त्ता भएको प्रमाणपत्र, नागरिकता र हालको बसोवास ठेगानाको प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने छ ।

(४) प्राप्त विवरण सहितको आवेदन माथी गाउँकार्यपालिकाले आवश्यक अध्ययन तथा मुल्याङ्कन गरि फार्मेसी संञ्चालनको अनुमती दिन सक्नेछ ।

**१५. मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) अस्पताल, प्रयोगशाला,पोलिक्लिनिक, फार्मेसी जस्ता स्वास्थ्य सेवा संञ्चालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झक्याएर गलत विवरण पेश गरेको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा कार्यपालिकाको अनुगमन समितिले अनुगमन गरी प्रचलित कानुन बमोजिम सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजी समेतको लागि गाउँपालिकामा सिफारिस गर्ने वा दण्ड सजायगर्न सक्नेछ ।

(२) अस्पताल, फार्मेसी, पोलिक्लिनिक तथा प्रयोगशालामा सम्बन्धित बिषय पढेको र तालिम प्राप्त स्वास्थ्यकर्मी, फार्मेसीस्ट र ल्याव टेक्निसियन बाहेकका व्यक्तिले स्वास्थ्य परिक्षण गरेको, औषधि लगाएतका अन्य सामाग्रीहरु किनबेच गर्ने वा गराउने, रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो अस्पताल, फार्मेसी, प्रयोगशाला बन्द गराउन सक्ने, संञ्चालन अनुमति खारेज गर्ने, संञ्चालकलाई कालोसुचीमा राखी सो को आम जनतालाई जानकारी दिइने वा प्रचलित कानुन बमोजिम कारवाहि गरिनेछ ।

(३) फार्मेसी र प्रयोगशालाको हकमा दर्तावाला संञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न र प्रचलित कानुन बमोजिम कारवाहि गर्न सकिनेछ ।

**१६. साहुलियत र छुटको व्यवस्था गर्नुपर्ने :** निजी लगानी र ट्रष्ट मार्फत संञ्चालनमा आएका स्वास्थ्य संस्थाहरु, अस्पताल, फार्मेसी र प्रयोगशालाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्कमा गाउँपालिकाको सिफारिसमा बृद्धबृद्धा, गरिब, असक्त, अपाङ्ग, एकल महिला, बिधुवा, गर्भवती महिला र सुत्केरीलाई र अन्य आवश्यकलाई (अन्य पिडितहरु) ५० प्रतिशत छुट वा पुर्ण मिनाहा दिनु पर्नेछ ।

## परिच्छेद : ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ स्वयंसेवा सम्बन्धी व्यवस्था

**१७. स्वास्थकर्मीको व्यवस्थापन :** गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु मार्फत आधारभुत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका, प्रदेश सरकार र संघिय सरकार मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थकर्मीहरु

**१८. अभियानकर्ता/स्वास्थ्य स्वयंसेबक र स्वायंबिकाको व्यवस्था :**

स्वास्थ्य सेवालाई घरघरसम्म पहुँच पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता वा स्वयंसेबकर महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस सम्बन्धित वडाको आमा समुहले वडा समितिलाई र वडा समितिले गाउँपालिका अन्तर्गतको स्वास्थ्य संस्था  संञ्चालन तथा व्यवयवस्थापन समिति समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभुत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। गाउँपालिकार स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम र अभिमुखीकरण प्रदान गर्दै लग्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरु मध्ये निरक्षर वा ६० बर्ष उमेर पुगेकालाई गाउँकार्यपालिकाले प्रोत्साहन भत्ताको ब्यबस्था गरी बिदाइ गर्नेछ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्ण, स्वास्थ्य क्षेत्रको बारेमा जानकार र स्वास्थ्य क्षेत्रलाई योगदान दिन सक्नेलाई मात्र नियुक्ति दिइने छ ।

**१९. स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव र गाउँकार्यपालिकाले आवश्यकता अनुसार तोके बमोजिमको अन्य सेवा सुविधा पाउनेछन् । घरदैलो भ्रमणमा पठाईएको स्वास्थ्यकर्मीको हकमा गाउँकार्यपालिकाले तोके बमोजिमको सेवा सुबिधा पनि प्रदान गरिनेछ ।

(२) करार स्वास्थ्यकर्मी: दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौंता बमोजिमको सेवा सुविधा उपलब्ध गराईनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलब स्केलको बढिमा दुई तिहाई रकमसम्म उपलब्ध गराईनेछ ।

(४) अभियानकर्ता/स्वयंसेविका : पोशाक, बार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराईनेछ । यसरी अभियानकर्ता/स्वयंसेविकाहरुले सेवा गरेको अवधिको अनुभब पत्र पनि दिईनेछ ।

**२०. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति :**

सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँकार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा वा अभ्यासकर्मी वा स्वयंसेवक स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करारमा वा अभ्यासकर्मी वा स्वयंसेवक स्वास्थ्यकर्मी नियुक्ति गर्नुपर्ने भएमा करारपद पुर्ति समिति गठन गरी नियुक्ति सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

**२१. कर्मचारी सरुवा सम्बन्धि व्यवस्था :**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम १८ महिना सेवा रे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन पाउनेछ । कुनै पनि कर्मचारी बिशेष परिस्थिती बाहेक न्युनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरे पछि मात्र सरुवाको लागी दाबेदार हुनेछ

(२) विशेष अवस्था बाहेक न्युनतर्म एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न गाउँपालिका स्तरिय स्वास्थ्य व्यवस्थापन समितिको रायमा गर्न सक्नेछ ।

**स्पष्टिकरण :** विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

(४) उपदफा (१), (२) मा जे भएपनि १८ महिना पछिसरुवा हुने स्वास्थ्यकर्मीको कार्यसम्पादन मुल्याङ्कन र व्यक्तिगत फाईलको आधारमा साह्रै कमजोर देखिएमा निज स्वास्थ्यकर्मीलाई कारबाहीको रुपमा निजले मागेको ठाँउमा सरुवा रोक्का, गाउँपालिका भित्रको दुर्गममानिने स्वास्थ्य संस्थामा सरुवा वा अन्य आवश्यक कारवाहि वा मनोबल बढाउन गरिने काम गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले गाउँपालिका स्तरिय स्वास्थ्य व्यवस्थापन समितिको सुझाबमा गर्न सक्नेछ ।

(५) कुनै पनि स्वास्थ्यकर्मीको कार्यसम्पादन मुल्याङ्कन र व्यक्तिगत फाईलको आधारमा साह्रै राम्रो वा उच्च देखिएमा त्यस्तो स्वास्थ्यकर्मीलाई मागेको ठाँउमा सरुवा, बार्षिक रुपमा गाउँपालिकामा कार्यक्रम गरि सम्मान गर्ने, बृद्दि बिकासको लागी थप हुने तालिम र गोष्ठिमा प्राथमिकता दिने र कार्यपालिकाले निर्णय गरेर गाउँपालिकाको श्रोतबाट अन्य सेवा सुबिधा प्रदान गर्न सक्नेछ ।

**२२. कार्यसम्पादन मुल्याङ्कन करार सम्झौता गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन मुल्याङ्कन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिकाको अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ । यसरी कार्यसम्पादन करार गर्दा स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मीले स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिको सल्लाह र मार्फत प्रमाणित गरि र स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतले गाउँपालिका स्तरिय स्वास्थ्य व्यवस्थापन समितिको सल्लाह र मार्फत प्रमाणित गरि गर्नुर्पेछ ।

(२) कार्य सम्पादन मुल्याङ्कन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मुल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका स्तरिय स्वास्थ्य व्यवस्थापन समितिकोराय र सुझाब अनुसार आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) बार्षिक कार्यसम्पादन मुल्याङ्कन करारका सुचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितिले मापदण्ड बनाई सोही अनुरुप गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२३. कार्य सम्पादन मुल्यांकन र सजाय तथा पुरस्कार :**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मुल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई नसिहत दिने वा दण्डित गर्नेछ ।

(२) कार्यसम्पादन सम्झौताको मुल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद : ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेच बिखन गर्न पाइनेछैन ।

**२४. वार्षिक अरिद योजना**

(१) स्वास्थ्य क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी, औजार तथा उपकरणको बैज्ञानिक बिधिद्वारा (आकस्मिक माग बिन्दु र अधिकतम मौज्दात) अनुमान गरि खरिद गर्न वार्षिक खरिद योजना बनाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद त्रैमासिक रुपमा र आवश्यक अनुसार गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्वन्धित वडाको स्वास्थ्य संस्था संञ्चालत तथा व्यवस्थापन समितिले माग गरे वमोजिम २०% मा नबढाईकन गर्नुपर्ने छ ।

(३) वार्षिक खरिद योजना स्वास्थ्य व्यवस्थापन समितिको सहयोगमा गाउँपालिका स्तरिय खरिद एकाईले खरिद गरि स्वास्थ्य व्यवस्थापन समितिलाई हस्तान्तरण गर्नेछ र प्रत्येक स्वास्थ्य संस्थामा माग फारम अनुसार त्रैमासिक रुपमा र आवश्यक अवस्थामा भुक्तानी गर्नेछ ।

(४) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गनुपर्ने छ ।

**२५. औषधी तथा स्वास्थ्य उपकारणको भण्डारण र व्यवस्थापन :**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले स्वास्थ्य व्यवस्थापन समितिको रहोबरमा गाउँपालिकामा नै मिलाउने छ ।

(२) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मुल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(३) सम्वन्धितस्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण स्वास्थ्य संस्थामा रहेको जिन्सी किताबमा (खेर भएर जाने र खेर भएर नजाने) अभिलेख राख्ने, त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित स्वास्थ्य संस्थासंञ्चालन तथा व्यवस्थापन समितिको रोहबरमा राखि त्रैमासिक रुपमा त्यसको अवस्था र माग गर्नुपर्ने भएमा माग फारम सहित सम्वन्धित वडा समिति मार्फत गाउँपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद-६
## स्वास्थ्य सेवाको न्युनतम मुल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६. स्वास्थय सेवाको न्यनतम मुल्य र गुणस्तर तोक्न सक्ने :**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्युनतम मुल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । गाउँपालिका स्तरिय स्वास्थ्य व्यवस्थापन समिति मार्फत निर्धारित संघिय गुणस्तर अनुसार मुल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गर्न र गराउन सामाजिक बिकास समिति मार्फत गाउँ कार्यपालिकामा सिफारिस गर्ने छ ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन :**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरुको योजना बार्षिक कार्ययोजनामा समाबेश गरि संञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

**२८. ससफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य व्यवस्थापन समितिले आवश्यक योजना बनाई बार्षिक योजनामा समाबेश गरि सोहि अनुरुपको श्रोत व्यवस्थापन, समन्वय र सहकार्य गर्नेछ ।

(२) स्वास्थ्य व्यवस्थापन समितिले प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपुर्ति गराउन सामाजिक बिकास समिति मार्फत गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ ।

(३) स्वास्थ्य व्यवस्थापन समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-७
## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२९. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने :**

(१) स्थानियबासीलेस्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र र नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) टिपोट गराईएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति र गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिमार्फत स्वास्थ्य सुचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

(३) यसरी टिपोट गराईएका रोगीहरुलाई आवश्यक सहयोग गर्न स्वास्थ्य संस्थाहरुले मासिक रुपमा स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिको मासिक रुपमा बस्ने बैठकबाट जानकारी गराई योजना सहित समाधान वा गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिमा प्रतिबेदन पठाउनुपर्नेछ । यसरी प्राप्त प्रतिबेदन माथी गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले आवश्यक छलफल गरि योजना सहित त्यसको समाधानको उपाय गर्नेछ ।

**३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :**

(१) स्थानीय स्तरमा संक्रामक रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्तीहरु खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) यस्तो परिस्थिती नआओस् भन्नको हेतु गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले महामारी रोकथाम तथा नियन्त्रणको योजना बार्षिक योजनामा समाबेस गरि कार्यान्वयनको लागी गाउँकार्यपालिकामा पेश गर्नेछ । यसको लागि गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले गाउँपालिका स्तरमा केहि औषधि तथा उपकरणहरु जगेडाको (Buffer Stock) रुपमा राख्नेछ र आवश्यक परेको अवस्थामा प्रयोगमा ल्याउनेछ ।

**३१. सुर्ती तथा सुर्तीजन्य पदार्थको नियमन :**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागु पदार्थको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोकिनेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी (१०० मि.) धुम्रपान र मदिरापान निषेध क्षेत्र घोषणा गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले प्रचलित कानुन बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) मध्यपानको नियमन, नियन्त्रण तथा निर्देशन गर्नका लागि गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले मदिरा नियन्त्रण तथा नियमन गर्नेछ । यसरी नियमन, नियन्त्रण तथा निर्देशन गर्दा नियम अनुसार नपाईएमा उक्त समितिले प्रचलित कानुन बमोजिम सामाजिक बिकास समिति मार्फत गाउँकार्यपालिकामा कारवाहिको सिफरिस गर्न सक्नेछ ।

**३२. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :**

(१) ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईको संघिय मापदण्ड अनुसार गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिलेस्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति मार्फत पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि समुदायसम्म काम गराउन सक्नेछन् ।

(२) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने बैज्ञानिक बिधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(३) एक परिवार एक शौचालयको अवधारणा अनुरुप ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपुर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने छ ।

## परिच्छेद ८

## विविध

**३२. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठुलो अस्पातल संञ्चालनका लागि सिफारिस :** राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफरिश लिनुपर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्युनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

(१) दफा ३३ मा उल्लेख भएका कुनैवा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्‍याउनु पर्ने :** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखालेगाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समिति मार्फत समन्वय गर्नेछ ।

**३५.** आमा समुह, महिला स्वास्थ्य स्वंय सेबिका, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

**३६.** गाउँपालिकाक्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी निजी संस्थाहरुले आफ्नो प्रगति विवरण र सेवा सम्बन्धि प्रतिबेदन मासिक रुपमा स्थानिय स्वास्थ्य संस्था मार्फत गाउँपालिका समक्ष बुझाउनु पर्नेछ । यरी प्रतिबेदन गर्दा निजीस्वास्थ्य संस्थाले प्रयोग गर्ने मासिक प्रतिबेदन फारम (HMIS 9.5) बाट गनुपर्नेछ ।

**३७.** गाउँपालिकाले आधारभुत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारीगर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**३८. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ ।

**३९. नियम बनाउने अधिकार :**

(१)यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**४०. संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

**४१. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा पेसाह मानिनेछ । तर यस्तो आदेश गाउँकार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**४२. बचाउ र लागु नहुने:**

(१) यो ऐन र यस अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछन् ।

**आज्ञाले**

**तीर्थवहादुर कठायत**

**प्रमुख प्रशासकिय अधिकृत**

मुगुम कार्मारोङ गाउँपालिकाद्वारा प्रकाशित

# मुगुम कार्मारोङ राजपत्र

**खण्ड : ४, संख्या : १, मिति : २०७७/११/९**

**भाग - १**

## जल उपयोग ऐन २०७७

**गाउँकार्यपालिकाबाट पारित मिति : २०७७/११/९**
**प्रमाणिकरण मिति : २०७७/११/१०**

**प्रस्तावना :**
मुगुम कार्मारोङ गाउँपालिका भित्रको भु सतहमा वा भुमिगत वा अन्य कुनै अन्य अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग संरक्षण व्यवश्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोग गर्ने सन्दर्भमा कानुनी व्यवश्था गर्न वान्छनिय भएकोले सातौ गाउँसभाले नेपालको संविधान २०७२ को अनुसुचि ८ मा उल्लेख भएको अधिकार प्रयोग गरी यो ऐन स्वीकृत गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम : मुगुम कार्मारोङ गाउँपालिकाको जल उपयोग ऐन २०७७ रहेको छ । २ यो ऐन गाउँपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशित गरी तोकी दिएको मिति देखि प्रारम्भ हुने छ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) जलश्रोत भन्नाले : मुगुम कार्मारोङ गाउँपालिका भित्रको भु सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवश्थाम रहेको पानी सम्फनु पर्छ ।

ख) लाभदायक उपयोग भन्नाले : उपलव्ध साधन र स्रोतले सम्भव भए सम्म उचित रुपले गरिएको जलश्रोतको उपयोग सम्फनु पर्छ ।

ग) अनुमती प्राप्त व्यक्ति भन्नाले : जलश्रोतको उपयोग गर्ने दफा ८ वमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्फनु पर्छ ।

घ) उपभोक्ता संस्था : भन्नाले दफा ५ वमोजिम गठित जल उपभोक्ता संस्था सम्फनु पर्छ ।

ङ) तोकिएको वा तोकिए बमोजिम भन्नाले : यस ऐन अन्त्रगत वनेको नियममा तोकिएको वा तोके बमोजिम सम्फनु पर्छ ।

**३. जलश्रोत उपयोग :**

१) यस ऐन बमोजिम अनुमती पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन । २ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएपनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन ।

क) व्यक्तिगत वा सामुहिक रुपमा आफनो निमित खानेपानी र अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न

ख) व्यक्तिगत वा सामुहिक रुपमा आफनो जग्गाको सिचाई गर्न ।

ग) घरेलु उधोगको रुपमा पानी घट्ट वा पानीचक्की चलाउन ।

घ) व्यक्तिगत रुपमा स्थानीय आवागमन को लागि ढुङगा प्रयोग गर्न

ङ) जग्गा दानले आफनो जग्गा भित्र मात्र सिमित रहेको जलश्रोत तोकिए वमोजिम उपयोग गर्न

२) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठीत संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्ने छ ।

**३. जलउपभोक्ता संस्थाको गठन :**

१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्ने छन ।

२) उपदफा १ बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

**४. उपभोक्ता संस्था संगठित संस्था हुने :**

१) उपभोक्ता संस्था अविछिन्न उतराधिकारवाला स्वशासित र संगठित संस्था हुने छ ।

२) उपभोक्ता संस्थाको सवै काम कारवाहीको निमित आफनो छुट्टै छाप हुने छ ।

३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपभोग गर्न वेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्ने छ ।

४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्ने छ ।

**५. जलस्रोत उपयोगको प्राथमिकता क्रम :**

१) जलस्रोतको उपयोग गर्दा साधारण तया देहायको प्राथिकता क्रम अनुसार गर्नुपर्ने छ ।

क) खानेपानी र घरेलु उपयोग

ख) सिचाई

ग) पशुपालन तथा मत्स्यपालन जस्त कृषिजन्य उपयोग

घ) जलविधुत

ङ) घरेलु उधोग

च) अन्य उपयोग

२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा १ को प्राथमिकता क्रम बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचवुझ समेत गरी सो को आधारमा सम्वन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने तोकिएको समितिले निर्धारण गरेको विषय सम्वन्धित सवैलाई मान्य हुने छ ।

**६. अनुमतीपत्रको व्यवस्था :**

१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले तोकिए बमोजिमका विवरणहरु खुलाई तोकिएको अधिकारी समक्ष अनुमती पत्रको लागि दरखास्त दिनु पर्ने छ ।

२) उपदफा १ बमोजिम परेको दरखास्त मा तोकिएको अधिकारीले आवश्यक जाँचवुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षण को अनुमती पत्रको हकमा १५ दिन भित्र र जलस्रोत उपयोगको अनुमतीपत्रको हकमा ३० दिन भित्र तोकिएको ढाँचामा अनुमती पत्र दिनु पर्ने छ ।

३) यो ऐन प्रारम्भ हुनु भन्दा अगावै देखि जलस्रोतको उपयोग गरी रहेको व्यक्ति वा संगठित संस्थाले पनि तोकिएको विवरण सहित यो प्रारम्भ भएको मितिले १ वर्ष भित्र गाउँपालिका समक्ष अनुमती पत्रको लागि दरखास्त दिनु पर्ने छ ।

४) उपदफा ३ बमोजिम परेको दरखास्तमा तोकिएको आधिकारीक वा निकायले आवश्यक जाँचवुझ गरी दरखास्त परेको मितिले १५ दिन भित्र तोकिए बमोजिमको ढाँचामा अनुमती पत्र दिनु पर्ने छ ।

५) अनुमती पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क वुझाउनु पर्ने छ ।

**७. जलविधुतको लागि जलस्रोतको उपयोग :**

१) दफा ७ मा जुनसुकै कुरा लेखिएको भएता पनि जलविद्युतको उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमती पत्रको सम्वन्धमा प्रचलित कानुन वमोजिम हुने छ ।

२) गाउँपालिका क्षेत्र भित्र १ ०० किलो वाट क्षमता सम्मको लघु जलविधुत आयोजनाको सर्वेक्षण तथा अनुमतीपत्र सम्वन्धि कार्य वाहेक अन्य जलविधुत सम्वन्धि कार्य प्रचलित कानुन अनुसार हुनेछ ।

**८. गाउँपालिकाले जलस्रोतको उपयोग तथा विकास गर्न सक्ने :**

१) गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग र विकास गर्नमा यस ऐनको कुनै कुराले वाधा पुर्याएको मानिने छैन ।

२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्वन्धित जग्गा भवन उपकरण तथा संरचना मा व्यापक सार्वजनिक उपयोगको लागि गाउँपालिकाले आफुले लिई विकास गर्न सक्ने छ ।

३) उपदफा २ बमोजिम आफुले लिएको जलस्रोतको उपयोग सित सम्वन्धित जग्गा भवन उपकरण निशुल्क प्राप्त गर्ने छ

**९. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :**

१) गाउँपालिकाले दफा ९ को उपदफा १ वा २ बमोजिम विकास गरेको कुनै जलस्रोत सम्वन्धि परियोजनाको निर्माण समाप्त भईसके पछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकि हस्तान्तरण गर्न सक्ने छ ।

२) उपदफा १ बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्वन्धित उपभोक्ता संस्थाको हुने छ । र यस ऐनको अधिनमा रही आफुले अनुमतीपत्र प्राप्त गरे सरह सो परि योजनाको संचालन सम्वन्धित उपभोक्ता संस्थाले गर्ने छ ।

**१०.सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने :**

१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलव्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्ने छ ।

२) गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए वापत को सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असुल उपर गर्न सक्ने छ ।

**११. सेवा रोक्का गर्न सक्ने छ :** सेवा उपभोग गरे वापत वुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सक्नेछ ।

**१२. अनुमतीपत्र खारेज गर्न सकिने :**

१) अनुमतीपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्त्रगत वनेको नियम विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

२) उपदफा १ बमोजिम तोकिएको अवधिभित्र अनुमती पत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमती पत्र खारेज गर्न सक्ने छ ।

३) उपदफा २ बमोजिम अनुमती पत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्वन्धित अनुमतीपत्र प्राप्त व्यक्तिलाई सफाई पेश गर्ने मनासिव मौका दिने छ ।

**१३. दण्ड सजाय :**

१) कसैले यो ऐन वा यस ऐन अन्त्रगत बनेका नियम उल्लघन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार पाँच सय सम्म जरिवाना गर्न सक्ने छ त्यस्तो कसुरवाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजवाट त्यस्तो हानीनोक्सानी वापतको क्षतिपुर्ति समेत भराई दिन सक्नेछ ।

२) कसैले यस ऐन बमोजिम अनुमतीपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतीपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार पाँच सय जरिवाना गरी त्यस्तो कार्य बन्द गराउन सक्ने छ ।

३) कसैले बदनियतका साथ कुनै खानेपानीको मुहान बाँध नहर वा जलस्रोतको उपयोगसित सम्वन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पर्ने अन्य कुनै संरचना भत्काएमा विगारेमा वा कुनै किसिमले हानीनोक्सानी पुर्याएमा निजवाट हानी नोक्सानीको विगो असुल गरी विगो अनुसारको जरिवाना गरिने छ ।

**१४. नियम वनाउने अधिकार :**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले कार्यविधि वनाउन सक्नेछ ।

**आज्ञाले**
**तीर्थवहादुर कठायत**
**प्रमुख प्रशासकिय अधिकृत**